# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref. No.

# स्नातक तह छात्रवृत्तिको परीक्षाफल प्रकाशित सम्बन्धि सूचना !

(क)

पोखरा विश्वविद्यालय छात्रवृत्ति छनोट समिति, २०७५ बाट मिति २०७५।०५।०४ र ०५ गते लिइएको स्वास्थ्य विज्ञान संकाय, विज्ञान तथा प्रविधि संकाय समूह (क) (ख), व्यवस्थापन संकाय र मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका कार्यक्रमहरुको छात्रवृत्ति छनोट प्रवेश परीक्षाको संलग्न नतिजा (Pass List) पो.वि.छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ (संशोधन सहित) को नियम १३ (१), (२) र (३) अनुसार प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैकोलागि जानकारी गराइन्छ । साथै छुट्टाछुट्टै संकायहरुको नतिजा सूचि, खुला र आरक्षणको सूचि साथै छुट्टाछुट्टै संकायहरुका शैक्षिक संस्थाहरुका नाम, शैक्षिक संस्थाहरुमा संचालन भएका कार्यक्रमहरुको नाम र उक्त कार्यक्रमहरुको लागि छुटाएको छात्रवृत्ति कोटाको विवरण समेत प्रकाशित गरिएकोले यसको जानकारी विश्वविद्यालयको वेभसाइड www.pu.edu.np र सूचना पाटीमा सूचना टाँसगरिएको व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

(ख)

पो.वि.स्नातक तह छात्रवृत्ति छनोट समितिले मिति २०७५।०५।०४ र ०५ गते लिएको छात्रवृत्ति छनोट प्रवेश परिक्षामा सम्मिलित भइ (कक्षा ११ को ग्रेडसिटको आधारमा Provisional Exam दिएकाहरु) संलग्न बमोजिमको नतिजा (Pass List) मा समावेश भएका तर निजि तथा संस्थागत विद्यालयबाट एसइइ उत्तिर्ण गरेका बाहेक सबै उम्मेदवारहरुले स्वयं उपस्थित भइ सम्बन्धित परिक्षा बोर्डले उपलब्ध गराएको ट्रान्स्क्रिप्ट र सम्बन्धित शैक्षिक संस्थाले उपलब्ध गराएको चारित्रिक प्रमाणपत्र उपलब्ध गराएपछि छनोट समितिले सम्बन्धित विद्यार्थीहरुको प्रवेश परिक्षाको अन्तिम योग्यताक्रमको नतिजा प्रकाशित गर्ने छ । तसर्थ मिति २०७५।०५।१२ गते प्रकाशित स्नातक तह छात्रवृत्ति छनोट प्रवेश परिक्षाको नतिजा (Pass List) मा समावेश भएका सम्बन्धित विद्यार्थीहरुले ढिलोमा मिति २०७५।०५।२६ गते कार्यालय समयसम्ममा आ-आफ्नो ट्रान्स्क्रिप्ट र चारित्रिक प्रमाणपत्र पो.वि.छात्रवृत्ति शाखामा ल्याएर बुझाउनुहुन समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

(ग)

मिति २०७५।०५।१३ गतेबाट ढिलोमा मिति २०७५।०५।२६ गते कार्यालय समय सम्ममा Pass List मा समावेश भएका सबै उम्मेदवारहरुले स्वयं उपस्थित भइ पो.वि.छात्रवृत्ति नियमावली, २०६५ को अनुसूचि-(२) र (४) सँग सम्बन्धित फाराम भरी अनिवार्य दरखास्त दिन समेत सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
**Kaski, Nepal**

चलानी नं.:/Ref. No.

(घ)

छात्रवृत्तिमा भागलिने विद्यार्थीहरुको लागि जानकारी गराइने संलग्न बमोजिमको छात्रवृत्ति कोटामा थपघट हुनसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

(ङ)

पो.वि.छात्रवृत्ति छनोट समिति, २०७५ ले मिति २०७५।०५।१२ गते प्रकाशित गरेको नतिजा (Pass List) का सम्बन्धमा अस्पष्ट हुन गएमा यही मिति २०७५।०५।१७ गते कार्यालय समय सम्म सम्बन्धित विद्यार्थी स्वयं आफै उपस्थित भइ दाविविरोध गर्न समेत जानकारी गराइन्छ ।

मितिः-२०७५।०५।१२

प्रा. हरि बहादुर खड्का
डीन, व्यवस्थापन संकाय एवं
संयोजक, पो.वि.स्नातक तह छात्रवृत्ति छनोट समिति, २०७५

# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref. No.

## पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनोट समितिको अत्यन्त जरुरी सूचना !

उपरोक्त सम्बन्धमा पोखरा विश्वविद्यालय छात्रवृत्ति छनोट समिति, २०७५ बाट मिति २०७५।०५।०४ र ०५ गते लिइएको स्वास्थ्य विज्ञान संकाय, विज्ञान तथा प्रविधि संकाय समूह (क) (ख), व्यवस्थापन संकाय र मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका कार्यक्रमहरुको छात्रवृत्ति छनोट प्रवेश परीक्षाको संलग्न नतिजा (Pass List) पो.वि.छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ (संशोधन सहित) को नियम १३ (१), (२) र (३) अनुसार प्रकाशित गरिएकोले कुनै व्यक्ति वा समूहले प्रकाशित नतिजामा नाम निकाल्न सफल हुनुभएका उम्मेदवारहरलाई विभिन्न लोभलालच मार्फत झुट्टा आश्वासन देखाइ छात्रवृत्तिमा पढन् पाउने गरी नाम निकाली दिने भनी भ्रम फैलाएमा त्यसको पछाडी नलाग्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै कोही कसैबाट र कही कतैबाट यस्तो भ्रम फैलाउने कार्यहरु भएको थाहा पाएमा तुरुन्त छात्रवृत्ति शाखामा जानकारी गराइदिनुहुन समेत सबैलाई अनुरोध गरिन्छ ।

मितिः-२०७५।०५।१२

प्रा. हरि बहादुर खड्का
डीन, व्यवस्थापन संकाय एवं
संयोजक, पो.वि.स्नातक तह छात्रवृत्ति छनोट समिति, २०७५